# भूमिसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीबाट जारी भएको हकदावी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना ।

जिल्ला कैलाली गौरीगंगा न.पा. वडा नं ११ स्थित श्री कालिका आधारभूत विद्यालयको च.नं. १३ मिति २०८१/६/४ गतेको सिफारिस पत्रमा यस विद्यालयले २०४९ साल देखि हालसम्म भोग चलन गरि रहेको र मिति २०५५/११/५ गते कालिका प्रा.विद्यालय उदासीपुर वडा नं. ५ कायम भै उदासीपुर वडा नं. ५ सिट नं. ०२७/०८२९ कि.नं. १० क्षेत्रफल १५०१० व.मी. भएको जग्गा यस विद्यालयका नाउँमा दर्ता गरी पुर्जा श्रेस्ता समेत बनाई दिन हुन भनि लेखि आएको सिफारिस पत्र साथ विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयको फोटोकपी, गौरीगंगा न.पा. नगर कार्यपालिकाको च.नं. ५५९ मिति २०८१/५/३० गतेको सिफारिस पत्र, शिक्षा विकास तथा समन्वय इकाई कैलालीको च.नं. २५७ मिति २०८१/५/१२ गतेको सिफारिस पत्र, गौरीगंगा न.पा.-११ नं. वडा कार्यालयको च.नं. १२१ मिति २०८१/५/७ गतेको भोग चलनको सिफारिस पत्र, उदासीपुर-५ सिट नं. ५ सिट नं. ०२७/०८२९ कित्ता नं. १० को फिल्डबुक र प्रिन्ट नक्सा समेत संलग्न राखी माथि उल्लेखित कित्ता जग्गा कालिका आधारभूत विद्यालयका नाउँमा दर्ता गरि दिन हुन भनि पत्राचार भै आएको हुँदा उपरोक्तानुसारको जग्गा कालिका आधारभूत विद्यालयका नाउँमा दर्ता गर्नु नपर्ने भए वा अन्य कोही कसैको भोग चलनमा असर पर्ने भए आफूसँग भएको प्रमाण सहित ३५ दिन भित्र यस कार्यालयमा उपस्थित भै हक दावी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । तोकिएको म्याद भित्र हक दावी पर्न नआएमा कानून वमोजिम भै जाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

इति सम्वत २०८१ साल असोज ८ गते रोज ३ मा शुभम् .....।